कालपनिककथा

# छट्पताईरहेको आत्मा......



लेखक –निलन कुमार थेच्वमि

मे १०, २००४, बेलुकि ७ बजे साउदी अरब,

आज पनि याद छ मलाई वितेका ती दिनहरु अनि, काजलकी आमा, रमाई-रमाई आफ्नो छोरीलाई घरको आगनमा हट्केलाका औलाहरु समाएर हिडाउँन सिकाईरहेको खेलाईरहेको.. । त्यस समयमा काजलकी आमाले भन्ने गर्थ्यो –यीनि हाम्री प्यारी छोरी, मलाई त स्वर्गकि अप्सरा झै लाग्छ भन्दै मलाई देखाउँदै रमाउँनु हुन्थ्यो । साँचै काजलकी आमाले छोरीलाई औंधी मायागर्नु हुन्थ्यो । अनि छोरीले बोलेको टोटेबोलि बोलेका बाबा...बा....बा...भनेका शब्दहरु आज पनि मेरो मनमा गुन्जीरहेको छ ।

मेरी काजल, सानी छंदा आमाले भूँईमा सम्म राख्न मन गर्दैन थियो । रेशमी भूवाझै कोमल हातखुट्टा अनि सूर्यमूखि फूल झै चम्कँदै मुस्कुराईरहेको गोलो अनुहार त्यसमा पनि भर्खर फूल्नै आँटेको गुलाफको कोपिला झै रातो मुस्कुराईरहेको कलिला ओठ..संगै झिमझिमाउँने परेलिभित्रको सुनसान नयनले नजर जुधाउँदै बाबासंग मुसकुराउदै ट्वटेबोलिले बोलेको बा..बाबा...बा...बा.बा..मा..मा...मा...मामममम

मैले त मानेको थिएन् पहिलो बच्चा छोरी जन्मनोन भनी... तर आमाको मायाँ र सपना बुवाको उदेश्य भन्दा बलियो हुंदो रहेछ । जसरी सानुले सपना देखिन त्यसरीनै काजलले यस पृथ्वीलोकमा जन्म लिईन् । कमै उमेरमा नै ठूल-ठूला विचाहरु लिने मेरी छोरी काजल एकदिन राम्रो संग पढ भनेर कलम र कापीहरु किनेर ल्याईदिएको थिए । तर छोरीको उदेश्य देखेर एकछिन त म पनि ट्वाल्ल परें । सानैमा भन्छिन -बाबा मलाई सेतो लुगा अनि अस्पतालमा डाक्टरहरुले कानमा राखेर आमालाई जाँच गरेको जस्तै मलाई पनि कानमा हाल्ने ल्याईदिनु न बाबा....। बाबा म पनि पछि ठूलो भएर डाक्टर बन्न चाहन्छु । अनि आमालाई जस्तै यहाँ दुख्छ? यहाँ दुख्छ भन्दै जाँच गरेको झै म पनि अरु विरामीलाई सेवा गर्न चाहन्छु । बाबा मलाई कैची पनि चाहिन्छ । छोरीको यस्तो साने देखि डाक्टर बन्ने ईच्छाले निकै हर्षित भए । अनि भन्दै छोरीलाई खेलौनास्वरुप यस सामान्य डाक्टरी सामानहरु किनेर ल्याईदिएँ । म त्यस्तै फुर्सदको समयमा छोरीसंग विरामी भयो मलाई जाँच गर भनेर खेल्थ्यौं । अनि हस्पीटलमा उनको आमालाई लांदा देखेको जस्तै मलाई डक्टर बनेर जाँच गर्न आउथिईन् । मैले छोरीले भनेको केहि पनि नाई नभनीकन हरेक अनुरोधहरु पुरा गर्दै छोरीलाई राम्ररी पढाए ।

समय वित्दै गयो । काजल यस्तै कक्षा ६ मा पढ्दै थियो । त्यहि समयमा अचनक उनकी आमा सानूले हामीसंग सदा-सादाको लागि विदालिएर स्वर्गमा अप्ससराहरु संग रमाउँन गईन् । फूल जस्ति मायालु छोरीलाई बुवाको काँखमा छोडेर रितो हातसंगै सानुले यो संसारबाट विदा लिईन् । जुन बेला घरमा काजोलको जन्म भयो त्यस बेला देखि काजोलकी आमा सानू निकै खुसि थिईन् । सानुलाई यो संन्सारबाट चाँदै टाढा जानुपर्ने कुरा थाहा थियो कि कुन्नि? सधैं काजोललाई राम्ररी पढाउँनु, दुःख होला भनेर भन्थिईन् । आमाको माया एकछिन् भूईमा सम्म राख्न नमान्ने सानूले थाहा नै नदिईकन पहेलो रोगबाट उनको स्वर्गारोहन भयो । हुन त सानुले पहिले कहिलेकाही केही खाँदा वान्ता गर्थिईन् । र हातहरु पनि अलिक कस्तो कस्तो देखिएको थियो । जब काजललाई जन्म दियो त्यस बेलादेखि उनी अलिक अश्वस्थ्य र कम्जोरीपना देखिएको थियो । डाक्टरको सल्लाह बमोजिम औषधी उपचार गरिरहेकै थियौं । तर समयले हामीसंग खेल खेल्यो । हामीलाई थाहै नदिकन सानु पहेलो रोगले ग्रसित भैसकेको रहेछ । विभिन्न डाक्टरहरुको सरसल्लाह बमोजिम आयूर्वेदिक औषधी उपचारहरु पनि गरेको थिएँ । तर समयको खेल, भाग्यमा जे लेखेको छ सोही अनुसार सानू अल्प आयूमै भगवानको प्यारो भईन् । आखिर काजललाई बुवाको काँखमा एक्लो छाडेर संसारबाट हामीसंग विदा लिएर गइन् ।

आँशु आउँछ धरधरी उनको मायाहरु सम्झँदा, तर पनि छोरीलाई दुःख हुन्छ भनि...यो मनलाई ढुङ्गा बनाउँनु सिवाय ममा केहि उपाय थिएन् । आज पनि सम्झदा आँशु आउँछ ती वितेका दिनहरु ... । मैले काजललाई कहिल्यै आमाको कमि हुन दिएको थिईन् ।

छोरी पनि बाबाको माया र लालनपालनमा विस्तारै हुर्कदै गईन् । समय वित्दै गयो, मैले काजलका हरेक ईच्छाहरु पुरा गर्दै गएँ । काजले पनि बाल्यकालको उदश्य संगै एस.एल.सी परिक्षामा ८५ प्रतिशत अङ्क ल्याएर पास गरिन् । मैले छोरीलाई बारम्बार सम्भाउने गर्थे । छोरी "यदि तिमी कतै जान चाहन्छौ भने एकपटक यो कुरा सोच्नुकि, म कहाँ सम्म जाँदैछु? कुन विन्दु सम्म पुग्दैछु? त्यस विन्दुसम्म पुग्न के गर्नु पर्छ? कुन बाटोबाट जाँदा छिटो र सजिलै पुगिन्छ हो, पहिले त्यस विषयमा आफ्नो मन संग गहिरिएर चिन्तन मनन गर । पछि सुलभ बाटो पत्ता लगाएर अधिक संघर्ष गरेर भए पनि त्यस विन्दुसम्म पुग्ने निश्चय गर तव तिम्रा पाईहरुले सधैं सफलताको विन्दु चुम्नेछ" । तिमीले आँटेको ठाउँसम्म अवश्य पुग्नेछ । यस्तै भनाईलाई काजल भन्छिन्, बाबा मैले तपाईको भनाईलाई उपयोग गर्दै आज म यहाँ सम्म सफलता पूर्वक पुगें । छोरीले आफ्नो विचार पालना गरेकोमा मैले छोरीलाई स्यावासिदिदै यस्तै पढ्दै भोलि अवश्य डाक्टर बन्नेछ भनि पढ्न अभ्क बढि प्रोत्साहन दिए । छोरीले हुन्छ भन्दै भविष्यमा म कुनै हालतमा डाक्टर बनेर छोड्छु बाबा भन्दै मलाई बाचा गर्थिईन् ।

यसरी छोरीको उदश्य र ईच्छाहरुलाई पुरा गर्न उनलाई अमृत साईन्स क्याम्पसमा भर्ना गरिदिएँ । छोरी आफ्नो उदेश्यमा अधिक रहेर मेहनतसाथ अध्ययन गर्न थालिन् । म पनि अफिस जान्थ्यौं बेलुका नमिठो थकान पछि घरमा पुग्छु र छोरीसंग रमाईलो गर्दै दिनभरिका थकानहरु मेटाउँथें । मेरो काम गर्ने ठाउँ सरकारी बैकमा भए पनि अरुको दाँजोमा अधिक काम गर्नु पर्दथ्यो । जब म घरमा पुग्थें छोरीले मिठो चिया बनाएर खुवाउँथ्यो अनि म, चिया खाईसके पछि थकान मेट्दै नुहाउन जान्थें । नुवाई धुवाई भैसकेपछि छोरीको पढाईबारे कोठामा बसि डिस्कस र सल्भ गर्थ्यौं । कक्षामा गुरुहरुले. पढाएका पाठहरु छोरीले नबुभ्केसम्म निस्कर्षको विन्दुमा नपुगेसम्म त्यसबारे दुबै घण्टौ कोठामा बसि चिन्तन मनन गर्‍यौं । आफूले जानेका बुभ्केकाहरु कुराहरु छोरीलाई सिकाउँदै बाबाको कर्तव्य पालन गर्‍यौं ।

काजलको हरेक जन्म दिनमा आमालाई सम्भ्कँदै बाबा छोरी मिलेर मिठो खाना पकाएर हामी बाबा छोरी विच छोरीको जन्मदिन मनाउने गर्‍यौं । कहिले काहि काजलका स्कूलका साथीहरु बोलाउँथ्यौं त कहिलेकाही मेरो अफिसका साथीहरु बोलाउँने गर्‍यौं । त्यस्तै एक दिन कोजोलको जन्मदिनमा सानो भोज राखेर मेरो अफीसका केहि साथीहरुलाई बोलाएका थियौं । र काजोले पनि उनको क्याम्पासका मिल्ने साथीहरुलाई बोलाएकी थिईन् । भोज सानै थियो तर पनि कसैको भव्य पार्टि भन्दा कम थिएन् । एक छेउमा अंग्रेजी गीतहरुको बोलमा क्यासेट बजिरहेको थियो त कसैको हातको माईकबाट काजललाई बढाई दिदै ठट्यौलिहरु चलिरहेको थियो । यसै समयमा मेरो कानमा सुरीलो बच्चाको आवाजमा बाबा भन्ने शब्द गुन्जिन आयो । मैले १७ वर्ष अघि सुन्ने आवाजहरु मेरो कानमा गुन्जन थाल्यो । अपरभ्कत मैले काजललाई बोलाए । छोरी काजल, हातमा माईक समात्दै साथीहरु संग सानि छंदाको ट्वटेबोलि निकाल्दै बाबालाई बोलाउँदै थियो । भोज रमाईलै चलिरहेको थियो । एकछिन छोरीले सबैलाई एकाग्रह हुन अनुरोध गरीन् । मैले छोरीलाई मुस्कुराउँदै अनुमति दियौं । छोरीले भन्दै गईन् – आदर्णिय बाबा, अंकल, साथै प्यारा साथीहरु, तपाईहरुलाई थाहा छ? मेरो भगवान भनेको मेरोआमा हुनुहुन्छ अनि मेरो हरेक चिज मेरो आमा मेरो साथी मेरो बाबा सबै थोक मेरो प्यारो बाबा हुन् । म बाबालाई अत्ति माया गर्दछु । म कक्षा ६ मा छंदा, मामुले हामीलाई छोडेर जानुभयो । मलाई मामुपनि मन पर्छ तर मामुमा मेरो माया भन्दा भगवानको माया बढि रहेछ त्यसैले होला मामु, मलाई बाबाको काँखमा एक्लो छोडेर स्वर्गमा भगवानहरुसंग खेल्न जानुभयो । म आज पनि मामुलाई प्यार गर्दछु भन्दै आकासका ताराहरु हेर्दै हातबाट भावमय चुम्बन दिईन् । र बाबालाई माईकनेर बोलाएर अंगालो हालिन् ।

छोरीको यो भावना र बोलिले मेरो आँखामा बर्षातको भेल ल्यायो । मैले छोरीको भावना र मायाका आभाषलाई स्वीकार्दै हातले विस्तारै स्पर्स गर्दै प्रोत्साहन दिएँ तर म केही बोल्न भने सकेको थिएन् । फेरी छोरी काजल भन्दै गईन् –मेरो सानै देखिको ईच्छा भनेको डाक्टर बनेर रोगी, दुखिहरुको साथै देशको सेवा गर्नु हो । जुन देशमा मेरो बाबा बस्नुहुन्छ, जुन देशमा मेरो आमा देवी हुनुहुन्छ । म त्यो देशलाई सदा सेवा गर्नेछु । म यो देशलाई सदा हितहुने काम गर्नेछु । छोरीको यो कुरा सुनेर एकछिन त सबै स्तब्ध भए र पछि सबैले काजललाई आफ्नो उदेश्य पुरा गर्न, राम्ररी पढ भन्दै विदा भए ।

मेरी छोरी, म कुनै हालतमा कहिले पनि आफू भन्दा टाढा राख्न चाहिनन् । क्याम्पस जाँदापनि राम्ररी जानु भनि दिनहु भने जतिको पैसा दिएर पठाउँथें । मलाई थाहा थियो मेरी काजल भविष्यमा आफूले उदश्य राखेको विन्दुसम्म पुग्नेछिन् भनेर मलाई पूर्ण विश्वास थियो उनमा ....। यस्तै दिनहरु वित्दै गयो । छोरीले आई.ए.सी. प्रथम वर्षमा प्रथम श्रेणीमा उतिर्ण गरिन् । उनी ति दिनहरुमा पनि निकै खुसि हुन्छिन् जव उनले गरेको कुनै पनि काममा सफलता पाउँछिन् । छोरी भन्छीन् –बाबा, मेरा भविष्यहरु चम्किरहेका छन् । हेर्नुस् बाबा, छोरी त्यस दिन मलाई बोलाउँदै खुल्ला आकासमा चम्कीरहेका ताराहरुलाई देखाउँदै भछिन –बाबा मेरी आमा हामीलाई हेरीरहेकी छिन होली है१ मेरो सफलतामा मेरी आमा रमाएर चम्कीरहेकी छिन् हेर्नुस् बाबा ....। यतिकैमा मेरो आँखाबाट आँशु भ्कर्यो । हुन त मलाई छोरीको सफलतामा खुसि छु तर छोरीको उनको आमा प्रतिको मायाका आभाषहरु सुनेर मलाई सानुको याद दिलायो । छोरीको कुरा सुनेर मैले मन थाम्न सकिन् र  हामी बाबाछोरी एकपटक दुबैजना खुशी र दु:खको भेललाई दुबैमिलि संगै बगायौं । एकछिन पछि छोरीलाई सम्भ्काउँदै, अभ्क बढि पढ्न प्रेरणा दिदै यसरी नै जीवनमा सफलता पाउँन धेरै मेहनतले पढ भनि दु:खहरु भुलाउन उनलाई चिया बनाएर ल्याउँन अनुरोध गरें ।

एकदिन मेरो अफिसको साथी, अर्जुन आएर म संग कुरा राख्यो । चन्द्रमान, म तपाईसंग एउटाकुरा माग्न आएको थाहा छ त्यो के हो? सायद तिमीले दिन त सक्नुहुन्न होला१ तर म पनि तिमिले भन्दा कम माया दिदिन् । अर्जुनको यस्तो कुरा सुनेर मन खिन्न भयो । मलाई थाहा भयो उ, अर्जुन छोराको लागि मेरी काजललाई माग्न आएको रहेछ.. । मैले साथी अर्जुनलाई यस विषयमा काजल संग नै सोध्नु पर्छ भनेर जवाफ दिए । मैले अर्जुनलाई भन्दै गएँ –अर्जुन, यीनि मेरो जिन्दगीको घाम हो । यीनि नै मेरो बाँच्ने आधार हो यिनिनै मेरो सहारा हुन् । मेरो बाच्ने आधार मेरो आँखाको काजल मेरी हृदयकी रानी मेरी छोरी काजल म कसरी तिमीलाई दिऊ? सानी छँदै उनको अमाले छोडेर गईन् । तर पनि उसलाई आमाको कमि भएको महशुस हुन सम्म पनि दिएको थिईनौं । अझ छोरी डाक्टर बन्ने उदेश्य लिई निकै मेहनत साथ पढ्दै छिन् । म उसको भविष्य विगार्न चाहन्न् । उनको बच्चै देखिको उदेश्यलाई विवाहको बन्धनमा बाँधेर उनको सानैदेखिका सपनाहरु चकनाचुर हुन् दिन चाहन्न् । त्यसैले यस विषयमा उसैसंग सोध्नुपर्छ भनेर अर्जुनलाई पछि मात्रै बचन दिउँला भनि सम्झाएर पठाएँ ।

हुन पनि अर्जुन, म भन्दा अलिक ओहोदा पदमा हुनुहुन्थ्यो । तर एकै ठाउँमा काम गर्ने हुनाले हामी दुई निकै मिल्ने साथी थियौं । उहाँको पनि छोरा दुइवटामात्रै, छोरी नभएको घरमा थाहाथियो मेरी काजलले आमा बुवाको राम्रो माया पाउँथ्यो तर पनि छोरीलाई नसोधिकन उनी विरुद्ध कुनै निर्णयहरु लिन चाहेन् । हुन पनि मेरी छोरी सानी पनि छिन् । हिजो जस्तै लाग्थ्यो आमाको हट्केलाका औलाहरु समातेर हिड्न सिकिरहेको आज किन यति चाँडै कसैको बुहारी बनाउँन माग्न आए । मेरो आँखाको काजल मेरी प्यारी छोरी मेरो बाच्ने आधार म कसरी अरुलाई दिन सक्छु ? अहँ म दिन सक्दिन्...। मनमा अनेक कुराहरु खेलाउँदै थिए । उनी बाहेक को नै छ र मेरो यो संसारमा । म चाहन्छु मेरी काजल सधैं मेरा आँखामा रहिरहुन् । जस्तोसुकै बाध्यता आए पनि१ जस्तोसुकै आँशुको भेलले बगाउँन खोजेपनि मेरी काजोल मेरी छोरी१ मेरो नयनबाट कडापी टाढा राख्न चाहन्नथे ।

दिनहरु वित्दै गयो मैले छोरीलाई अर्जुनले राखेको प्रस्ताव बारेमा सुनायौं । मेरो कुरा सुनेर छोरी खुशी भईन् । अनि आफू चाँडै विहे गरेर नजाने र बबालाई एक्लो छोडेर नजाने भन्ने निर्णय दिईन् ।

एकदिन म कोठामा यस्तै काजोलको बारेमा सोचेर बसिरहेको थिएँ । हिजो अस्ति भन्दा आज कसैको ढोका खोलाई भिन्नै थियो । भऱ्याङ्गमा पनि जोड जोडका आवाजहरु संगै कोहि बलियो मान्छे माथि उक्लदै थियो । म झस्किएँ, को होलान ति१ हिजो अस्ति कहिल्यै यस्तो ठूलो आवाज आउँदै न थियो । तर आज कसको प्रवेश भएछ? म मनमनै कुरा खेलाउँदै मेरो कोठाको ढोका खोल्न पुगें । वास्तवमा मैले काजलाई पाएँ । निकै रिसालु देखिएकी पहिला त त्यस्तो कहिल्यै गरेको थिईन् आज किन हो अकस्मात उनको त्यो चाला? आज अचानक मेरी काजोललाई के भएछ । म सिदै गएर छोरीलाई सोधे, उनी रिसिएर एकासि जुत्तानै नखोलि भित्र पसिन् र बेडमा पल्टिन । अलिक छिनपछि सुकसुकाउँदै रोईन् । मैले किन हो के हो भनेर सोधे । विस्तारै आँशु पुछ्दै छोरीले जवाफ दिए । –बाबा आज मलाई क्याम्पसका केटाहरुले पछ्याउँदै दिक्क गर्यो । हिजोबाट खोई कुन बाबुको छोरा हो हाम्रो कक्षामा आएर पढ्ने लाई पढ्न दिएको छैन् र सरलाई पनि बोल्न दिएको छैन् । आज मेरो पछाडि बेन्चमा बसेर पढाईरहेको बेला कपाल समातेर तान्दै थियो अनि मेरो पालामा रिसिएर किताबले टाउकोमा हिर्काईदिएँ ।

काजोल भन्दै गईन –बाबा, कक्षामा बाईलोजीको पढाई भैरहेको थियो । त्यसमा मलाई अत्ति चाखलाग्ने विषय र त्यसमा पनि मलाई डिस्टर्व गरेको सहनै सकेन । त्यसैले मैले हानिदिए बाबा, अनि थाहा छ तपाईलाई, हाम्रो क्लासमा केटा र केटस्हरु विच भनाभन हुंदै झगडा पनि भयो । हामी सबै केटीहरुलाई माथि अफिसमा बोलाएर दुबै पक्षलाई माफि मगाएको थियो । अहिले पनि बाटोमा त्यहि क्लासमा जिस्क्याउँने केटाले पछ्याउँदै थियो । छोरीको यो कुरा सुनेर निकै डर लाग्न थाल्यो । कतै ति केटाहरुले मेरी प्यारी छोरीलाई केहि त गर्ने हैनन्? मैले छोरीलाई सोधें यो केटो कहाँको हो भन्दै तर काजललाई त्यस कोटाको बारेमा केहि थाहा नभएको कुरा गरिन् । उनी भन्छिन् – हिजो अस्ति त त्यस्तो थिएन ति केटाहरु तर आज एक्कासी यसरी किन आईलागे? केटा सोझो नै थियो तर आज उनको साथीहरुको उक्साहतमा किन उसले यसरी मलाई जिस्क्यायो थाहा नै भएन । अझ हामी भन्दा पढाईमा अलिक सिनियर नै थियो । तर किन आएर मलाई यसरी विहेब गर्यो बाबा मलाई निकै डर लाग्यो कतै उसले मलाई भोलि पनि केहि त गर्ने हैनन् ।

छोरीको यस्तो कुरा सुनेर म छोरीलाई प्रोमिस गरें –त्यसो भए तिमी डराउँनु पर्दैन भोलि बाबा पनि तिमिसंगै क्याम्पसमा आईदिउँला हुन्न् । जाउँ अब दुबै मिलि भुजा तयार पारौं ।

मलाई निकै डर लाग्यो छोरीको यस्तो कुरा सुनेर म रातभरी निदाउँनै सकिन् । मैले त काजल सानै छिन् भन्ठानेकि थिएँ तर हैन् रहेछ । उनी त जवान भैसकेकी रहेछिन् । नत्र फूलमा भमरा लाग्नु नपर्नेथियो । मलाई के गर्ने के नगर्ने भयो । म मेरी प्यारी छोरीलाई कुनैपनि हालतमा अरुको हातलमा सुम्पीन चाहन्नथें । अझ त्यसमा पनि उसको पढाई र उदेश्य विना त मैले केहि सोचेको पनि थिएन् । उनी मेरो जीवनको गुडिया हो जुन गुडिया मलाई हरेकपल जिउँन साथ दिईरहेकि छिन् ।

नभन्दै भोलि काजलाई लिएर उनको क्याम्पमा गयौं । म छोरीलाई लिएर गएको देखेर क्याम्पसका गुरुहरु हामीलाई नजर गर्दै थियो । काजललाई मैले हिजोको केटा खोई भनेर भने, उनले देखाईन् । नभन्दै मैले छोरीलाई कक्षा कोठामा जान भने र म सरसंग कुरा गर्छु भन्दै अफिस तिर पठाएँ । छोरी आफ्नो क्लास तिर लागीन् । म अफिसमा क्याम्पस चिफ कहाँ पुगें र हिजोको बारेमा कुरा गरें । क्याम्पसका गुरुबाट हिजोको त्यस केटालाई बोलाउँन लगाए । नभन्दै करिब १० मिनट पछाडि त्यस केटा अफिसमा मेरो सामु उभिन आए । मैले म काजोलको बुवा भन्दै केटालाई नमस्ते गरें । नभन्दै केटाले पनि मलाई लजाए झैं डराएझैं गर्दै नमस्ते फर्कायो । मैले क्याम्पसचिफ संग एक्सक्यूज मागि उनलाई बाहिर लेगें । मैले त्यस केटालाई सोधे तिम्रो आमा बुवा को हो? के काम गर्छन् र किन यसरी जिस्काउँदै हिड्छौं ? केटाको नाउँ अमिट थियो । अमिट धनी बाबुको छोरा भएर पनि उनमा अत्ति सोझो र नम्रता पाएँ । तर किन हो किन, साथीहरुको लहि-लहिमा लागेर हिजो काजललाई जिस्काउँन पुगेको रहेछन् । नभन्दै आफ्नै क्याम्पसका साथीहरु संग झगडा समेत भएछ । अमिटले मलाई माफि माग्दै भने –बावा मैले पहिले त काजललाई एक क्लासको असल मित्र ठानेकि थिएँ । तर हिजो किन हो किन मलाई नै थाहा भएन् । मैले साथीहरुको उक्साहतमा पढाईरहेको बेला उनलाई जिस्काउँन पुगें । मलाई थाहा छ बुवा, काजल अरु केटीहरु जस्ति छैन् । उनी पढ्नमा अत्ति मेहनति र असल विध्यार्थी हुन् । उनको पढाई देखेर नै होला अरु दाहा भएको र मलाई जिस्क्याउँन उक्साएको ..... । बाबा, मैले पनि भूल गरेछु, मलाई माफ गरिदिनु बाबा, मलाई पछाडि पो चेत आयो अनि आफैलाई पछुटो पनि लाग्यो । हिजै काजल सित माफि माग्न गएको थिएँ । तर किन हो किन, मैले पछ्याएको जस्तो लाग्यो होला उनले सुनेन पनि बोलेन पनि । सरी बाबा, म अबबाट कसैको भरकाहतमा कसैलाई पनि जिस्क्याउँदिन । बाबा एकपटकलाई माफ गरिदिनु न ।

अमिटको यस्तो सोझो र स्वाभिमानि कुरामा उनलाई विश्वास गर्न बाध्य भए र अमिटलाई एकपटकलाई माफ दिएँ । क्याम्पसमा घण्टीको आवाज सुनियो । मैले उसलाई क्लास हुन लाग्यो होला जाऊ क्लासमा गएर पढ भनेर पठाएँ । अनि घर फर्केर निकै बेर सोचें । केहि क्षण त के गरौं के नगरौं भयो । तर पनि मनलाई कठोर संग बाँधेर छोरीलाई कहि नपठाउँने निर्णय गरें । कसैको घरमा नदिने भन्ने निर्णय गरें ।

काजल मेहनत साथ पढ्दै गईन् । देशमा पनि राजनैतिक उथलपुथल हुन थाल्यो । देशको अव्यवस्थित राजनिति र कानूनले पोलेर जनताहरु सडकमा उत्रन थाले । कहिले मंहगीको हड्ताल त कहिले शिक्षन संस्थाको तालाबन्दी, क्याम्पसनै नचल्ने त कहिले चक्काजाम हुन् थाल्यो । यस्तै मा देशमा राजनैतिक गतिरोधहरु पनि उत्पन्न हुंदै गयो । फेरी यसै समयमा क्याम्पसमा स्ववियू चुनाव पनि हुने भईयो । क्याम्पसका साथीहरुको प्रेसमा मेरी काजल स्ववियू चुनावमा सह-सचिवको पदमा उठीन् । मैले राजनितिमा लागीन भनेर औंधी गालि गरें तर उनले चुनाव लड्न त्याग्न मानिन् । पछि छोरीको इच्छाहरु र उनका विचारलाई नकार्न सकिन् नसकि छोरीलाई चुनावमा लड्न बाध्यतावस अनुमति थिए । मलाई थाहा थियो यदि कोहि व्यक्ति राजनितिमा छिर्यो भने उसले पढाईलाई विस्तारै पछि धेकेलिने छ भन्ने... तर पनि काजलमा मलाई पूर्ण विश्वास थियो । उसको पढाईमा, अनि उनको हरेक बानी व्यहोरा ...। आशा थियो छोरीले उदेश्यलाई पनि संगै लानेछिन् भन्ने मेरो आत्मविश्वास थियो ।

नभन्दै केही दिनपछि काजलले सफलता हाँसिल गरेको खबर सुन्न पायो । एक पटक त निकै खुसि पनि लागेको थियो । मेरी छोरीले देशको लागि केहि गर्न अघि बढ्दैछिन् । तर मलाई कतै कतै डरपनि लागिरहेको थियो देशको हालत देखेर...। सोच्थें, यो अशान्ति देशमा कतै मेरीछोरी पनि कसैको राजनैतिक सिकार त हुने हैनन्? कतै मेरी प्यारी छोरी देशको गृहयुद्धमा त रुमलिएर हराउँने हैनन् ।

दुःख पनि निकै लाग्यो । एकदिन छोरीलाई देशको हालत र देशको राजनितिबारे सम्झाउँदै लगें । छोरीले मेरो कुरालाई चाख लिंदै सुनिरहे । छोरीको यो चाल देखेर उनको पुरानो विचारबारे कुरा कोटारें । खोई तिम्रो डाक्टरी बन्ने ईच्छा कहाँ गयो? यतिकैमा छोरीले जवाफ दियो –बावा, म स्ववियूमा जित्दैमा राजनितिमा लागेर पढ्न त्याग्दिन् । बावा र मेरो बच्चै देखिको लक्ष्यलाई म कुनै हालतमा सफल बनाएर नै छाड्ने छु । बाबा तपाईले देख्नु भएकै हो । मेरी आमा जस्तो अरु नेपालीका आमाहरु पनि यस्तो रोगबाट बिजय प्राप्त गराएर उनीहरुलाई नयाँ जीवन दिलाउँने मेरो प्रतिज्ञा हो बाबा....। छोरी बोल्दै गईन् –"बाबा, यो राजनिति मेरो उदेश्य हैन् यो त मेरो बाटोको केही काम हो जहाँ म जस्ता शिक्षित विध्यार्थी तथा नारीको खाँचो छ" । अनि बाबा, एउटा कुरा, "मैले देशका दुखी अस्वस्थ्यलाई सेवा गर्नु र सैदान्तिक पक्षबाट रानितिमा लागेर देश र देशवासीलाई सेवागर्नु के यो पनि डाक्टर जस्तै हैन्र बाबा"?

छोरीको यो प्रश्नमा मेरो उत्तर थिएन् । किनकि, आफ्नो धारणामा छोरीको धारणा पनि फरक त पाईन् । म छोरीलाई एकछिन त नचाहिने कुरा गर्‍यो भनेर गालि गरें । खुरुक्क आफ्नो उदेश्यलाई अगाडि नबढाई किन नचाहिने बाटेमा लागीन भनेर पनि भने । काजल एकछिन केही बोलेनन् । फेरी एकछिन पछि विस्तारै आफ्नो बाबातर्फ हेरी भनिन् - "बाबा, तपाई नरिसाउँनु म एक नारी, एक त यो समाजमा जहिले पनि छोरी चेलि/नारी जातिलाई तल राख्छन् । थाहा छ१ मेरो बाबाले मलाई यस्तो गर्नु भएको छैन र गर्नुहुन्न पनि१ तर मैले देखेको छु बाबा, मेरा अधिकांस साथीहरुलाई पनि घरमा आमा बुवा साथै दाजुहरुले बाहिर जान पनि दिदैनरे । क्याम्पस आउन पनि जानु पर्दैन भनेर कराउँनु हुन्छ रे । उनीहरुको आमाबुवाहरुले भन्छन्रे आखिर जति पढाएपनि हामीलाई दिने

केहि हैनन् बरु राम्रो केटा रोजेर विहे गरिदिउँला पढ्न पनि पर्दैन् । पढाईको पैसा बरु विहेमा दाईजो दिउँला भनेर भन्नुहुन्थ्यो रे । बाबा म यस्तो समाजका यस्ता निस्ठूरी, शोषित अशिक्षित आमाबुवालाई देखाउँन चाहन्छु कि यदि छोरीले राम्रो शिक्षा पाएमा उ समाजमा आफ्नै खुट्टाले उभि छोराहरुलाई हरेक कुरामा चुनौति दिन सक्छन् भनेर समाजका त्यस्ता बाआमालाई देखाउँन चाहन्छु ।

काजोल भन्दै गईन्–बाबा, म देखाउँन चाहन्छु कि, यो समाजमा, छोरीलाई शिक्षा भए पुग्छ, बाबुको सम्पती हैन् । यो पूरुष प्रधान समाजमा म पनि केहि गरेर देखाउँन चाहन्छु । जसबाट म जस्ता लाखौं नारी चेलिहरुले यो समाजमा सीर उठाएर जिउँन सकोस् । आफ्नो हक-हित र अधिकारको निमित्त दुनिया संग लड्न सकोस् । शिक्षा र सामाजिक क्षेत्रमा पुरुषले जस्तै नारीहरुले पनि समान अधिकार पाउँन् भन्ने चाहन्छु । छोरीको यस्तो कुरा सुनेर म निकै छक्क परें । सोच्छु, मेरी छोरी, हिजोसम्म आमाको हात समातेर ट्वटेबोलिमा बाबा..ब...बाबा.. भन्ने आज समाज र देशको कुरा गर्दै देशका नारीहरुको नेतृत्वगर्दै नारी उत्थानको लागि लड्न तम्सिएको देख्दा एकपटक त जिल्ल परें । सोचें कहाँबाट यस्तो शिक्षा हासिल गरे? हिजो सम्म डाक्टर बनेर देशका दुःखी गरिब, अस्वस्थ्य विरामीको सेवा गर्ने भन्ने प्रण राखेकि मेरी प्यारी छोरी आज किन यसरी परिवर्तन भईन् । निकै दुःख लाग्यो अनि छोरीको देशप्रेम, नारी हक हित अधिकार र नारी स्वतन्त्रताको भावना प्रति गर्भपनि लाग्यो ।

वास्तवमा देशको यस्तो बदलिंदो स्थिततिमा के मेरी छोरीले आफ्नो उदेश्य सफल पार्न सकिएला? के उनको डाक्टर बन्ने इच्छाहरु पुरा होलान? म आफैले आफैलाई प्रश्नहरु गर्थें अनि छोरीको भविष्यलाई सम्झेर चिन्तित हुन्थें । पकै आज उनको आमा भैदिएको भए यसरी राजनितिमा लाग्न दिदैन थियो होलान् । मेरो त बाच्ने आधार बनाएर मायाँ गरेर राखेको, भनेको कुराहरुलाई कुनै नाई, हुन्न नभन्दै राखेको छु तर आज आएर छोरीमाथि यस्तो उदेश्यहरु पलाएको देखेर कता-कता डर लाग्न थाल्यो । देशको बदलिंदो सरकारको स्थिति र परिस्थितिमा कतै मेरी छोरी सुरक्षबलको नजरमा त परिने हैनन्? हुन त इतिहासमा पनि नारीले नेतृत्व गरेको घटनाहरु धेरै छन् । अझ देशको राजनिति क्षेत्रमा पनि महिलाहरुको आवश्यकता अनूरुप महीलाहरुको भूमिकाहरु थपिदै गएको छ । सायद मेरी छोरी पनि ...ल ठिकै छ । अब त देशको विचार गर्न सक्ने भैसके मैले मात्रै कति भनिरहनु उसले पनि आफ्नो आवश्यकता बुझीसके...। हुन त काजलकी आमाले जसरी सपना देखेको थियो । सानुले त्यसरीनै राम्री छोरी पाएको थिईन् । मैले जसरी छोरीलाई डाक्टर बनाउँने उदश्य राखें तर किन हो किन, देशको बदलिंदो परिस्थितिले उनलाई बदलेझैं लाग्यो ।

एक दिन म सन्चो नभएको हुनाले अफिस नगई चिया खाँदै कोठामा बसिरहेको थिएँ । छोरीको चाहना र उनको भविष्यहरुलाई नियाल्दै आराम लिदै बसिरहेको थिएँ । एकासि फोन बज्यो । मैले हट्नपट्त फोन उठाएँ । फोनमा कसैको आवाज मेरो कानमा आएर गुन्जियो तपाईकी छोरी अहिले हनुमान ढोकामा ल्याएको छु । कृपया तुरुन्त आउनुहोला भन्दै फोन काटियो । यो नौलो आवाज फोनमा सुन्ने वितिकै मेरो हंसले ठाउँ छोड्यो । म विरामि भएर आराम लिएर बसिरहेको अवस्थामा छोरीको यस्तो कुरा सुनेर म कहिले तल कहिले. माथि गर्दै के गर्ने के नगर्ने भन्दै दौदधूप गर्न थालें । हुन त हनुमान ढोकामा चिन्ने पुलिसहरु छ तर के गर्ने किन समाएको हो? म एक्लै गुनगुनाउँदै चिन्ने पुलीसलाई फोन गरि सोध्न डायरी खोज्न गए तर हतार र भयवित मनले मैले टेलिफोन डायरी खोज्न सकिन । नभन्दै म सिदै हनुमान ढोका तर्फ लागें । त्यस दिन बाटोमा पनि निकै भिड लागेको जस्तो भाम भयो । गाडीहरु जतातत्तै जाम भए झै लाग्यो । आधा घण्टाको बाटो पनि कहिले पुग्ने जस्तो भयो । म मनमनै बोलिरहेको रहेछु छोरीको बारेमा र उनको अवस्थाहरु सम्झेर बोल्दै थियौं रे भनेर मैले टेम्पोमा नजिक बसेका अर्की महिलाले सम्झाउँनु भयो । हुन त मलाई हनुमान ढोकासम्म पुग्न निकै आतुर भैसकेको थियो ।

हनुमान ढोकामा पुगें तर मलाई छोरीसंग मिल्न दिएन् । मैले चिन्ने ईन्पेक्टर संग पनि सोधे उहाँले अहिले मिलाउँन सक्दिन भोलि आए हुन्छ भन्नुभयो । मैले अधिक कर गरें तर पनि केहि सिप नलागेपछि आत्मा विनाको जिउँदो लास लिएर घर फर्के । घरबाट अफिसको साथीहरुको चिन्ने व्यक्ति डी.एस.पी. र एस.एस.पी.को फोर्स लगाउँन अनुरोध गरें । त्यस रात म सुत्नै सकेन् । एकतर्फ उनको आमालाई दिएको बचनरुपी बाँनहरुले छातिमा घोचिरहेको थियो त अर्को तर्फ एक्ली छोरी, मेरो बाच्ने आधार, मेरो गुडिया, मेरो सम्पूर्ण मेरी छोरी म कसरी बाचौ उनी विना.. । म रातभरी सुतिन, मलाई त्यो एक रात पनि वर्षौ वर्षको रात झै लाग्यो । नभन्दै भोलिपल्ट साथीको सहयोगबाट हनुमान ढोकाबाट छोरीलाई छुट्याएर ल्याएँ । मैले ईन्सपेक्टरबाट थाहापाए बमोजिम मेरी काजल, देशका विद्रोही माओवादी भनौदा शक्तिहरुसंग मिलेको छ रे भनेर शंकामा पुलिसहरुले समातेर लगेको रहेछ । उनी संग, उनका पदाधिकारीहरु पनि थियो तर पनि मेरी छोरी कहाँ डाक्टर बनने उदेश्य लिई पढेकी आज कसैको शंका उपशंकामा पुलिस चौकिभित्र १ दिन एकरात थुनिनु पर्दा एक्लो बेसाहरा बाबाको हालत कस्तो भयो होला ?

मैले छोरीलाई घरमा ल्याएर खुब गाली गरें । यस्तो नचाहिंदो बाटोमा नहिड्न कत्ति सम्झाएँ तर मानेनन् । हुन पनि जो कसैलाई एकपटक राजनितिको रोगले समातिसके पछि उसले त्यो बाटोबाट छुत्कारा पाउँन निकै कठिन हुन्छ । मेरी छोरी पनि त्यो बाटो त्याग्न मानेनन् । बरु आफूलाई मानसिक यातना दिने ति देशका सुरक्षाबलहरुलाई गालि गर्दै बकबकिन् । छोरी भन्दै गईन –बाबा, तपाईलाई थाहा छ१ यी देशका राक्षेसहरुले हामीजस्ता नारीलाई आन्दोलित गर्न बाध्य बनाउँछन् । बाबा, तपाईलाई के थाहा? यी देशका भरौतेहरु मेरा शान्तिप्रिय साथीहरुलाई कति पिट्यो भन्ने...१ मलाई नाजायज नालायकिपन लज्जासपद गालिहरु दिइयो...। महिला पुलिसको नाउँमा मेरो जिउँमा जठाभावि पिट्यो...लुछ्यो...लत्याए...भुत्लायो....। दुई हातमा सिक्रि र हडकडी बाधेर आँखामा

कालो कपडाले छोपेर कति पिट्यो कति ...यसको कुनै सिमा छैन् बाबा, तपाईलाई केवल बाहिरको मात्रै थाहाछ कि उहाँहरु देशका सुरक्षाबाल रे...१ तर बाबा, तपाईलाई के थाहा यी देशका राक्षेसीहरुको भित्री चाला? बाबा के हामीले क्याम्पसमा भावि कार्यक्रम र क्याम्पसको जन्मजयन्ती समारोहको लागि गरिएको मिटिङ्गलाई अर्कै आरोप लगाएर पक्रेर यातना दिनु कहाँ सम्मको न्याय थियो? देशमा अझै सम्म प्रजान्त्र छ । अझै सम्म वाक स्वतन्त्रता छ । के हामीले क्याम्पमा भावि कार्यक्रमको बारेमा मिटिङ्गगर्नु गल्ति थियो? के देशमा प्रजातन्त्र हराईसक्यो? अहँ१ मलाई त लाग्दैन् ... । अहिले पनि कसैलाई अन्याय परेको खण्डमा त्यसको विरुद्ध केही बोल्ने स्वतन्त्रता छ । तर यी दुष्टहरुले हामीलाई बोल्न दिएन् । बरु देशद्रोही र देशको कानूनको विद्रोही बनाउँने यी राक्षसी पुलिसहरु हुन् । जुन सुरक्षा र पोधपुछको नाउँमा नारीहरुलाई लज्जासपद गालि दिईन्छ र पुरुषहरुलाई कालो कथघडिमा मुखमा कालोपटी छोपेर निर्ममतापूर्वक कुटिन्छ, पिटिन्छ । देशको आतंककारी र आतंककारी जन्माउने त यी सुरक्षाको संज्ञा दिई खटाईरहेका राक्षसीहरु हुन जहाँ आफूले चाहेको बेला दोहोरो भिडन्तको नाउँमा गोलि ठोक्न सक्छन् । भाग्न लागेको भनेर निर्ममतापूर्वक यातना दिएर मार्न सक्छन् । सोझा सिधा छोरी चेलिहरुलाई सोधपुछको लागि भनेर लगेर बलात्कार गर्ने ...निर्ममतापूर्वक यातना दिने यी राक्षेसहरुको काम हो...। बाबा...म सहन सक्दिन....।

छोरीको यो बेचेन अनि छट्पटाहत देखेर मलाई निकै डर लाग्यो । र उनको यस्तो क्रुरता अनि छोरी माथिको यातनाका घाऊहरु देखेर मेरो पनि रगतका नसाहरु तन्किन थाल्यो । मैले भन्दै गएँ ...हो छोरी तिमीले भनेको ठिक हो । यहाँ पुलिस प्रशासनकै कारणले देशमा माओवादी भनौदाहरुको जन्म भयो । हिजो सम्म शान्त खुसि हरियालि देश नेपाल थियो । तर आज देशको कानून पनि कसैको रखेल झै भैसकेको छ । धनीलाई कानून नलाग्ने गरिबलाई कानूनलाग्ने यो समाजमा म तिम्रो कुरा बुझ्छु । तर तिमी एक्लैले आँटेर हुंदैन् । मेरो भनाईलाई काट्दै छोरी बोलिन् –बाबा, यत्रो सिङ्गो नेपाललाई एउटै राज्यमा जोड्न पृथ्वी नारायणशाहले त एक्लैले आँटेर लडे, कयौं पटक हार खाए तर पनि आफ्नो उदेश्यलाई सफलता दिलाउँन, अननन्तमा टुक्रिएको सानो सानो राज्यलाई सिगो एउटै मालामा उन्न सफल हुनुभयो । के बाबा, म पनि यस्तो काम गर्न सक्दिन र? छोरीको आँट देखेर निकै गर्भ भएँ । हो छोरी यहाँका लाखौं नारीहरुले पनि तिम्रो साथ दिने हो भने यो समाजमा नारीजातिलाई कहिले हेला गर्ने छैन् । सबै बाबुहरुले छोरा नै चाहिन्छ भनेर नारीहरु प्रति अन्याय अत्याचार गरिने छैन् । तिमी जस्ति छोरी पायो भने त्यो बाबालाई छोराको किन आवश्यकता? म मान्छु छोरी तिम्रो यो संघर्षलाई....तिम्रो यो नारीहरु प्रतिको भावना र उठ्थानलाई तर ...तर छोरी तिमी विना यो बाबा कसरी बाँच्न सकिन्छ? कतै तिमीलाई केही भयो भने....?????

यसरी दिनहरु वित्दै गयो । देशको राजनैतिक अवस्था र देशमा गृहयुद्ध दिनानुदिन बढ्दै गयो । कहिले देशका माओवादी भनाउँदाहरुले भकाभक निर्दोष नागरिकहरु मार्न थालियो त कहिले देशका सुरक्षर्थ खटिएका सैनीहरुले सोधपुछको नाउँमा निर्दोष नागरिकहरुलाई जंगलमा लगेर मार्न थाले त कहिले हत्या, कहिले बलात्कार देश आंतंककारीको नाउँमा विस्तारै विश्वमा चिनिन पुग्यो । राज्यपक्षले पनि देशका चौथौ अङ्गका रुपमा रहेका पत्रकार, लेखकहरुलाई पनि जेलमा लाने, आतंककारीको नाउँमा यातना दिने, थुनिने अनि राज्य सत्ताको विरोधमा विभिन्न लेख समाचारहरु कोर्यो भनेर आतंककारीको नाउँमा गोलि ठोक्न थाले । देशमा हत्या आतंकको उपद्रो र अशान्ति मचिन थाल्यो । मैले काजललाई मेहनत संग पढ्न अनूरोध गर्दै बी.ए.सी.दोस्रो वर्षको जाँच दिलाउँन घरबाट बाहिर नपठाई दह्रो अध्ययन गर्न लगाएँ । छोरीले पहिले झै निकै मेहनत साथ पढिन् । छोरीको यस्तो मेहनत देखेर, अनि पहिलेका राजनितिका बाटाहरुलाई त्यागेर बच्चैदेखिको उदेश्य पुरा गर्न लागेको देखेर निकै हर्षित भए । मैले सोचेको थिए यदि छोरीले बी.ए.सी मा पनि राम्रो अंङ्क ल्याएर पास गरिन भने लण्डनमा डाक्टरी कोर्ष पुरागर्नकोलागि पढ्न पठाउँने निर्णय गरें । जसबाट उनलाई राजनितिबाट पनि छुट्याउँन सकिन्छ र छोरीको डाक्टर बन्ने लक्ष्यपनि पुरा हुनेछ भन्ने सोच लिएको थिएँ ।

दिनहरु वित्दै गयो । देशमा राजनितिको भद्रगोलको सन्त्रास छायो । देशको अवस्था झनझन नाजुक हुंदै गयो । देशले काँचुलि फेर्ला जस्तो देखिन थाल्यो । दिनका दिनको आन्दोलन र झरपटले राजधानी राजधानी जस्तो देखिएको थिएन् । बाटोभरी खोलाको बगर झै ढुङ्गा र ईट्टाहरुले भरिन थाल्यो । दिनानुदिन झै राजधानीमा आन्दोलन, दमन र प्रतिरोधको ज्वालाहरु दन्किन थाल्यो । शहरको गल्लि-गल्लिहरुमा अनि बाटोका चौबाटाहरुमा टायर र काठहरु निभ्न छोडिसकेको थियो त कतै कतै बाटोभरी रगतका फाल्साहरु देखिन थाल्यो । शहरका गल्लि-गल्लिहरुमा सरकार र राज्य विरुद्ध दिनहु जुलुस निस्कन थाले । देश अन्धकारको कालो धूवाँमा रुमलिन पुगे । जता हेरे पनि आन्दोलन, झरपट पुलिस र जनताविच हानाहान र लाठीचार्जबाहेक सञ्चार माध्यमहरुबाट पनि केहि सुनिएको थिएन् । उता माओवादी भनाउँदाहरुले पनि देशका विभिन्न ठाउँमा नाकाबन्दी सुरु गरे । देशको सरकार सबै ठाउँबाट कुचिन्न थाल्यो । त्यस अवस्थामा देश बैदेशीक हस्तक्षपको खतरामा पनि रुमलिएकै थियो । न स्कूल क्याम्पस नै राम्ररी चल्यो न त विभिन्न अफिसहरु नै १ यस्तो स्थितिमा मेरी रोजी बच्चै देखि ईच्छाएको डाक्टर बन्न चक्काजामको बावजुत पनि जाँच दिन गईन । हुन त नेपालको प्रशासन क्षेत्रको कमि कम्जोरी भनौ या आन्दोलनकारीहरुको लापरवाई, जब जब कुनै न कुनै शिक्षाको जाँच हुन थाल्दछ तब चारैतिरबाट जाँच र पढाईलाई अप्ष्यारो हुने गरि हड्ताल, चक्काजाम जस्ता कार्यक्रमहरु गर्ने गरिन्थ्यो ।

त्यस दिन काजलको जाँचको अन्तिम दिन थियो । शहरु र गल्लिहरुमा सरकारको दमन र तानाशाही राजतन्त्र विरुद्ध आन्दोलन चर्किरहेको थियो त घडि-घडि चक्काजामहरु भैरहेकै थियो । देशका राजनैतिक दलहरु र विभिन्न विध्यार्थी संघसस्थाहरुले आन्दोलनलाई निरन्तर रुपमा अगाडि बढाउँदै थियो । कहि सुरक्षाकर्मी र आन्दोलनकारीहरु विच झटपट भयो भन्ने कुराहरु पनि

सुनियो त कतै विध्यार्थीको हुलढङ्गालाई नियन्त्रणमा लिन प्रहरीले दर्जनौ टियर ग्याँस छोड्यो र कुनै कुनै ठाउँम गोलि पनि चल्यो भन्ने कुरा सञ्चारमाध्यमहरुले हट न्यूज छिन छिनमा दिन थालिएको थियो । म जाँच दिन गएका छोरीलाई लिन ताहाचल महेन्द्ररत्न क्याम्पस पुगे । क्याम्पसमा निकै भिंड तनापूर्ण थियो । जाँच सुरु हुन दिएको थिएन रहेछ । क्यापस वरिपरिका बाटाहरुमा खोलाको बगर झै ढुङ्गै ढुङ्गाले ढाकेको थियो । कोही एम्बुलेन्सबाट गोलि लागेका विध्यार्थीहरुलाई लगिदै थिए त कतै पुलिसका गाडिहरु पनि लाम लागेर बसिरहेको देखिन्थ्यो । कालीमाती जाने बाटो नेर एउटा सरकारी गाडि जलिरहेको देखिईयो । त पश्चिम पट्टिबाट डमकलका फोहराबाट पानीले छ्याप्न सुरु गर्दै थियो । म क्याम्पसको हाताभित्र छिंन सकेन् । त्यहि क्याम्पसको नजिक कसैको घरहरुमा छिरें । विस्तारै ढोकाको सानो प्वालबाट नजर गरें क्याम्पस क्षेत्र निकै तनावपूर्ण थियो । करिब ४ घण्टाको पर्खाई पछि आफ्नो छोरीलाई नभेटिकन घरतर्फ आउँन लागेकै मात्र थिए । बाटोमा काजलका साथीहरुलाई भेटें...तर छोरीलाई देख्न पाईन् । मैले त्यहाँ सोच्दै नसोचिएको कुरा भएछ । मेरी छोरी पुलिसको गोलि लागेर भरर्खरको एम्बुलेन्सबाट वीर हस्पिटल लगिएको रहेछ । त्यस क्षण, मेरो होसै हरायो । मेरो आँखाभरी उनको हाँसोहरु अनि बाबा भन्ने सब्द र छोरीको दुःखद चिच्याहतले मलाई एकक्षण पागल जस्तो बनाईदियो । आँखा धमिलिन पुग्यो, मनमा विषाल माटोको ढिस्काले ठिचेझै लाग्यो । छोरीको सम्झना र मायाले विस्तारै दिमागले काम गर्न त्यागिसकेको थियो । म यति धेरै काम्न पुगें साँचै करेन्ट लागेको मान्छे पनि त्यति कामेको थिएन होला । मैले आफूले आफूलाई कन्ट्रोलमा राख्न सकेन एकछिन त बेहोस नै भएको रहेछु । त्यस्तै कालीमातीनेर एक घरका मानिसहरुको सहयोग बाट मलाई होसमा ल्याएको थियो । जब म होसमा आए, सडकहरु सुनसान थियो । जताततै पुलिसहरुमात्रै देखिन्थ्यो । एम्बुलेन्सको अभावले मलाई हस्पीटल पुऱ्याउँन नसकेको कुरा त्यस सहयोग गरेको घरका व्यक्तिहरुबाट थाहा पाईयो । मैले उहाँहरुलाई धन्यबाद दिदै मेरो छोरी कहाँ छिन् भन्दै डौड्दै हस्पीटल गएँ । डर त्रासले भरीएको भाँचिएको मन लिएर आँत्तिदै डौरिदै वीर हस्पीटल पुगें । हस्पीटलमा निकै भिंड लागेको थियो । आया..दुख्यो भन्ने चिच्याहत र रुवाईका स्वरहरुले भवन नै ठड्कमान भएको थियो । म बाहिर गेटको भिंडलाई पन्छाउँदै भित्र पुगें । मैले मेरी छोरीलाई खोजें निकै बेर खोजे पत्तै लगाउँन सकेन । मैले तल्लैपिच्छे, वार्डदै पिच्छे खोज्दै गएँ । हस्पीटलमा बेड र ठाउँमा अभावले आन्दोलनबाट ल्याएका घाईतेहरुलाई जताततै फालिएको झै राखिएका थियो । न डक्टर थियो नजिक न औषधीनै पाईरहेका थिए तिनीहरुले । कोही चिच्याएर रोईरहेका थियो त कोही घाईटेहरुलाई प्रोत्साहन दिदै थियो । डाक्टरहरु र आवश्यक सरसामान र औजारहरुको कमिले विरामीहरु मरे मरे भनेर कराउँदा समेत एउटा नदुख्ने ईन्जेक्सन पनि दिएको थिएन् । कोहि बेहोस अवस्थामै चिसो सिंडिमा विना बेडमा लट्तै सुताईराखेको थियो । कोही छट्पतिरहेको थियो त कोही आफ्नो सुनौलो भविष्यलाई सानै उमेरमा विचैमा त्यागि चिर निन्द्रामा स्वर्गको ढोका घचघच्याउँन पुगिसकेका रहेछन् । म त्यहि भिंडमा मेरी काजललाई खोज्छु । तर पाएको थिएन् । एकछिन ठूलो साहस फेरें अनि पुन अगाडिबाट एकाएक गरी खोजें । त्यस समयमा जसलाई देखे पनि मात्र मेरै छोरी मात्रै देख्थें । जसको चिच्याहत सुने पनि मेरै छोरीको झै लाग्थ्यो र त्यहि चिच्याहतको धूनमा छोरीलाई खोज्दै डौडन्थें । तर पत्ता लाग्न सकेको थिएन् । हस्पीटलमा आन्दोलनकारीका घाईतेहरुको भिंड लागेको थियो । डाक्टरहरुको अभावमा चिच्याहत र रोदनले हल नै रोएको मात्रै सुनिन्थ्यो । कोहि देशका नेता भनाउँदाहरु घाईतेहरुलाई हेर्न आउँदै थियो र धन्दामान्नु पर्दैन भनेर घाईटेहरुलाई प्रोत्साहन दिदै गईरहेको थियो । मलाई एकक्षण त लाग्यो के यस्ता नेताहरुको नेतृत्वमा यस कलिला विध्यार्थीहरुले बलिदान दिनुपर्ने हो? के यस्ताहरुको आन्दोलनले नयाँ दिशा र देशमा परिवर्तन ल्याउँन सकिएला? जुन व्यक्ति आफ्ना आन्दोलन कार्यकर्ताहरुलाई दुखिरहेको घाउँमा मलम दिन सकिदैन भने? झुठो र थोत्रो आश्वासन मात्रै दिएर घाईटेहरुलाई बेड र औषधीको व्यवस्था गर्न सकिदैन भने के यस्ता नेताहरुका पछि लागेर नेपाली विध्यार्थीहरुले सहि बाटो चुम्न सकिएला? म यस्ता भावनाहरु मनमा खेलाउँदै छोरीको खोजीमा तलबाट माथि र माथिबाट तल गर्दै थिएँ । अर्फझत मैले छोरीका साथीहरु एउटा रुममा अधेस लाएर रोईरहेको देखें । नजिक गएर सोधें, उनीहरु मलाई हेर्दै झन चिच्याएर रोईन् । मैले पनि बोल्नै सकिन्, नजिक कसैको लाश, सेतो कपडाले छोपेर राखिरहेको रहेछ । अनायस मेरो हात त्यस सेतो कपडाको घुम्टोमा गयो । मेरो मुखबाट शब्दहरु निस्केन, विस्तारै साहस पनि फेर्न त्यागेको रहेछु । म त्यो लास देख्नासाथ त्यहि धलें । छोरीका साथीहरुको सहयोगबाट करिब आधा घण्टा पछि मात्रै मेरो होस् आएको रहेछ । जव मलाई होसमा ल्यायो । म छोरीलाई सम्झी चिच्याएर छात्ति पिट्दै रोएँ । मैले होसै गुमाउँन पुगेको रहेछु । जब फेरी मलाई होसमा ल्याईयो म हस्पीटलभन्दा बाहिर थिएँ । अनि मेरी प्यारी काजोल सेतो कपडाले छोपी, हस्पिटलको चिसो कोठामा राख्न लगिसकेको रहेछ । जसलाई सामान्य भाषामा मुर्दाघर भनिन्थ्यो । मैले छोरीलाई राम्ररी देख्न सम्म पनि पाईन् । प्यारी छोरी काजल, त्यो सेतो घुम्टो ओडी, साथीहरुको चिच्याहतमा स्ट्रेचरको दोलीमा चढि, बाबालाई एक्लो बनाएर स्वर्गकी अप्सराहरु संग खेल्न, आमालाई भेट्न गए । मैले सोचेको थिए जब डाक्टरी पास गर्छे तव ईन्द्रेणी झै रंगाएर, रातो पछ्यौरिको घुम्टो ओडाई, गर-गहनाले सजाएर साथीको घरमा अन्माउँने सोच राखेको थिएँ । तर छोरी, कत्ति चलाख रहेछिन्.....बाबालाई एक्लोबनाई, बाबाले अन्माउँनु भन्दा पनि पहिल्यै सेतो पछ्यौरिको घुम्टो लगाई, बाबालाई देखि लजाएर आँखै नखोलिकन साथीहरुको चिच्याहतका लय्मा पञ्चे बाजा बजाउँदै, अनगिन्ति जन्तिहरु पछ्याउँदै मेरी प्यारी छोरी यस संन्सारबाट सदाको लागि विदा भईन् । यो बेसाहरा बाबालाई एक्लो पारेर गईन् । म आज पनि उनको यादमा पागल झै हुन्छु । सानुको यादले त्यति सताएको थिएन तर छोरीको यादले उनको मायाले उनको टोटेबोलिले मेरो मुटुमा घोचिरहेको छ बाबा..बा.बा...भनि....

आज पनि यो आन्दोलन र लाठ्ठीचार्जहरु देखेर मेरो मुटुहरु छट्पटिन ठाल्छ । लाग्छ, यो आन्दोलनकारीहरुको भिडमा मेरी प्यारी छोरी पनि भाग लिईरहेकि होलीन् । यो बाबालाई एक्लो छोडेर मेरी प्यारी छोरी ती भिड्हरुमा लडिरहेकी त छैनन्? कतै बाटोभरी छरिरहेका ढुङ्गा र पुलिसहरुको कट्टरबाँस र गोलिहरुले पछ्याईरहेको त छैनन् मेरी छोरीलाई....?? म यस्तै भिंडहरुमा पागल झै

अहिले पनि काजोललाई खोज्न ठाल्छु । कतै बाबा भनेर बोलाएर त आउँने हैनन्? लाग्थ्यो, उनी पकै यही भिंडहरुबाट मलाई भेट्न भौतारीरहेकि छिन् । आज पनि छट्पटिन थाल्दछ मेरो मुटु मेरो आत्मा, यी भिंड र आन्दोलकारीहरुलाई देखेर ....। लाग्छ, कतै यस भिंडबाट बाबा भनेर बोलाउने त हैनन्? वितेका ती दुखद घटनाहरु सम्झी, अनि आज देखिने यी बाटो भरिका आन्दोलनकारीहरुलाई देख्दा, अनि बाटोभरी पुलिसका गाडीहरु दौडधूप गरेको देख्दा, खटराको संज्ञा दिदै बाटैभरि पिलाक्क...प्वालक्कक बट्टी बालेर एम्बुलेन्सहरु भौतारिएको देख्दा आज पनि छोरीको यादमा मेरो मुटुहरु छट्पटिन ठाल्दछ ... आज पनि मेरो मुटुहरु छट्पतिन थाल्दछ .....॥